कटहरी गाँउपालिका

# कटहरी राजपत्र


| खण्ड: ८ | संख्या: ५ | मिति: २०८१/०८/२४ |
|---|---|---|


भाग- २

कटहरी गाँउपालिका

मिति २०८१ साल मंसिर २४ गते बसेको कटहरी गाँउ कार्यपालिकाको बैठकले देहाय बमोजिमको कार्यविधि पारित गरेकोले सर्वसाधारणको जानकारीका लागि प्रकाशित गरिएको छ ।

अध्यक्ष

CamScanner

# प्रारम्भिक बालबिकास केन्द्रका सहजकर्ता (सहयोगी कार्यकर्ता) छनोटका लागि आवश्यक कार्यविधि,२०८१

कटहरी गाँउपालिका

गाँउ कार्यपालिकाको कार्यालय

कटहरी, मोरङ्ग

कोशी प्रदेश

कटहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कटहरी, मोरङ
कोशी प्रदेश, नेपाल

अध्यक्ष

## प्रारम्भिक बालबिकास केन्द्रका सहजकर्ता (सहयोगी कार्यकर्ता) छनोटका लागि आवश्यक कार्यविधि,२०८१

**श्री कटहरी गाउँकार्यपालिकाको कार्यालय, कटहरी, मोरङ्ग।**

**कार्यपालिकाबाट स्विकृत मिति: २०८१/०८/२४**

**अध्यक्षबाट प्रमाणित भएको मिति: २०८१/०८/२४**

**प्रस्तावना:** यस कटहरी गाउँपालिकामा समय समयमा प्रारम्भिक बालविकास केन्द्रका प्रारम्भिक बालबिकास केन्द्र सहजकर्ता (सहयोगी कार्यकर्ता) दरवन्दी विभिन्न कारणले रिक्त हुन गई बालविकास केन्द्र सन्चालनमा कठिनाई आउने गरेकोमा त्यस्ता रिक्त दरबन्दीमा पदपूर्ति कार्यलाई मर्यादित र मापदण्डमा आधारित भई सहयोगी कार्यकर्ता छनोट कार्यलाई प्रतिष्पर्धात्मक तथा गुणात्मक बनाउने उद्देश्यले स्थानीय सरकार सन्चालन ऐन,२०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि जारी गरिएको छ।

### परिच्छेद -१

१) **संक्षिप्त नाम र प्रारम्भ :**

**क) यस कार्यविधिको नाम "प्रारम्भिक बालबिकास केन्द्र सहजकर्ता (सहयोगी कार्यकर्ता) छनोटका लागि आबश्यक कार्यविधि, २०८१" हुनेछ।**

**ख) लागू हुनेः** यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**ग) लागू हुने क्षेत्रः** यो कार्यविधि यसै कटहरी गाउँपालिका भर लागू हुने गरी तयार गरिएको हो।

२) **परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा,**

**क) "बि.ब्य.स."** भन्नाले विद्यालयको विद्यालय व्यबस्थापन समिति बुझ्नुपर्छ।

**ख) "प्र.अ."** भन्नाले विद्यालयको प्रधानाध्यापक बुझ्नुपर्छ।

**ग) "गा.पा."** भन्नाले कटहरी गाउँपालिका बुझ्नुपर्छ।

**घ) "विद्यालय"** भन्नाले प्रारम्भिक बालबिकास केन्द्र सहजकर्ता ( सहयोगी कार्यकर्ता) दरबन्दी रिक्त रहेको बालबिकास केन्द्रहरु रहेको विद्यालय तथा समुदायमा आधारित बालबिकास केन्द्रहरु भएमा तोकिएको मातृविद्यालय बुझ्नुपर्छ।

ङ) **"छनोट समिति"** भन्नाले शिक्षा नियमावली, २०५९ को नियम ९६ (क) बमोजिमको समिति बुझ्नुपर्छ।

अध्यक्ष

CamScanner

## परिच्छेद -२

३) **उम्मेदवारको योग्यता:** उम्मेदवारको योग्यता शिक्षक सेवा आयोग नियमावली, २०५७ अनुसार हुनेछ। तर शैक्षिक योग्यताको हकमा प्रारम्भिक बालबिकास केन्द्र राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका, मापदण्ड मार्गदर्शक पुस्तिका, २०६७ अनुसार हुनेछ र शिक्षण अध्यापन अनुमति पत्र अनिबार्य हुने छैन।

## परिच्छेद- ३

**४) छनोट सम्बन्धी कार्यबिधि**

१) **प्रारम्भिक बालबिकास केन्द्र सहजकर्ता (सहयोगी कार्यकर्ता) छनोटका लागि लिइने परीक्षाको पाठ्यक्रम:** संघीय सरकार र प्रदेश सरकार अन्तर्गतका निकायले तोकेको भए सोही बमोजिमको पाठ्यक्रम अनुसार परीक्षा सन्चालन गरिनेछ।अन्यत्र जे सुकै उल्लेख भएता पनि संघीय सरकार र प्रदेश सरकारले तोकेमा सोही बमोजिम हुने गरी अनुसूची-१ बमोजिमको पाठ्यक्रम र अंकभार अनुसार हुने गरी परीक्षा सन्चालन हुनेछ।

२) **छनोट सम्बन्धी अन्य प्रकृया:** छनोट सम्बन्धी अन्य प्रकृया " कटहरी गाउँपालिकामा करारमा शिक्षक,कर्मचारी र सहयोगी कार्यकर्ता नियुक्ति सम्बन्धी कार्यविधि, २०७७" बमोजिम हुनेछ।

३) **बैकल्पिक उम्मेदवारले नियुक्ति पाउने:** छनोट समितिले छनोट गरेको व्यक्ति सिफारिस भएको मितिले ७ (सात) दिन भित्र नियुक्ति पत्र लिन नआएमा वा नलिएमा वा नियुक्ति भएको ६ (छ) महिना भित्र कुनै कारणले पद रिक्त हुन आएमा बैकल्पिक उम्मेदवारलाई नियुक्ति गरिनेछ।

## परिच्छेद - ४

### ५) विविध

१) **यसै कार्यविधि बमोजिम हुने:** यस अघि भए गरेका छनोट सम्बन्धी सम्पूर्ण कामहरु यसै कार्यबिधि बमोजिम भएको मानिनेछ।

२) **खारेज हुने र यस कार्यविधि अनुसार हुने:** यस अघि छनोट सम्बन्धी कुनै कार्यबिधि तयार गरी कार्वान्वयन गरेको भए यस कार्यविधिमा बाझिएको हदसम्म आजैको मितिबाट सो कार्यबिधिमा भएको ब्यबस्था खारेज भएको मानिनेछ र यस पछिका कामहरु यसै कार्यबिधि बमोजिम भई जानेछ।

३) **प्रचलित कानुन बमोजिम हुने:** यसमा नभएका व्यवस्थाहरु प्रचलित कानुन बमोजिम हुनेछन्।

अध्यक्ष

CamScanner

## अनुसूची - १

कार्यविधिको बुँदा नं. ३(१) सँग सम्बन्धित

### १ ( क ) परीक्षाको प्रकार र अंक भार

| विषय क्षेत्र | पूर्णाङ्क | उतीर्णाङ्क | प्रश्न संख्या | अंकभार | परीक्षा प्रणाली | समय | कैफियत |
|---|---|---|---|---|---|---|---|
| सामान्य परीक्षा | ५० | २५ | ५० | १×५०=५० | बस्तुगत (बहुबैकल्पिक) | १:०० घण्टा | गलत उतर दिएबापत अङ्क काटिने छैन । |
| विषयगत परीक्षा | १०० | ४० | १० | १०×१०=१०० | विषयगत | ३:०० घण्टा | |
| कम्प्युटर सम्बन्धी ज्ञान | २० | | | | प्रयोगात्मक | ३० मिनेट | |
| तालिम बापत | ५ | | | | | परीक्षा नहुने | अंकभार मात्र |
| अन्तर्वार्ता | १५ | | | | | आबश्यकतानुसार | |
| स्थानीयता बापत | १० | | | | | | |
| कुल जम्मा | २०० | | | | | | |

**कुल जम्मा पुर्णाङ्क २०० हुनेछ।**

- **सामान्य परीक्षा र विष्रयगत परीक्षाहरु छुट्टाछुट्टै उतीर्ण गरेको हुनुपर्छ।**
- **अन्तर्वार्ता १५, तालिम बापत ५ र कम्प्युटर सम्बन्धी ज्ञान बापत २० अंक भार हुनेछ।**
- **स्थानीयता बापत १० अंक भार हुनेछ।**

अध्यक्ष

कचहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कचहरी, मोरङ
कोशी प्रदेश, नेपाल

## अनुसूची - १(ख)

### सामान्य परीक्षाको पाठ्यक्रमको विषय क्षेत्र र अंक भार

| क्र.स. | विषय क्षेत्र | परीक्षा र प्रश्नको प्रकार | प्रति प्रश्नको अंकभार | प्रश्न संख्या | यस शिर्षकमा अंकभार | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | शिक्षा मनोविज्ञान | बस्तुगत( बहुबैकल्पिक) | १ | २ | २ | |
| २ | नेपालको शैक्षिक इतिहास | | १ | ३ | ३ | |
| ३ | नेपालको इतिहास र भूगोल | | १ | ५ | ५ | |
| ४ | प्रारम्भिक बालबिकास शिक्षा | | १ | १० | १० | |
| ५ | प्रारम्भिक बालबिकास पाठ्यक्रम | | १ | ७ | ७ | |
| ६ | प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड सम्बन्धी व्यवस्थाहरु | | १ | २० | २० | |
| ७. | नेपालको संबिधान ,शिक्षा सम्बन्धी ऐन तथा नियमहरु | | १ | ३ | ३ | |
| जम्मा | | | १ | ५० | ५० | |

कटहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कटहरी, मोरङ कोशी प्रदेश, नेपाल

अध्यक्ष

## अनुसूची - १ (ग )

### विषयगत परीक्षाको पाठ्यक्रमको विषय क्षेत्र र अंक भार

| क्र.स. | विषय क्षेत्र | परीक्षा र प्रश्नको प्रकार | प्रति प्रश्नको अंकभार | प्रश्न संख्या | यस शिर्षकमा अंकभार | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | शिक्षा मनोविज्ञान | विषयगत (निबन्धात्मक,विश्लेषणात्मक) | १० | १ | १० | |
| २ | नेपालको शैक्षिक इतिहास | | १० | ० | ० | |
| ३ | नेपालको इतिहास र भूगोल | | १० | ० | ० | |
| ४ | प्रारम्भिक बालविकास शिक्षा | | १० | २ | २० | |
| ५ | प्रारम्भिक बालबिकास पाठ्यक्रम | | १० | ३ | ३० | |
| ६ | प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड सम्बन्धी व्यवस्थाहरु | | १० | ४ | ४० | |
| ७ | नेपालको संविधान ,शिक्षा सम्बन्धी ऐन तथा नियमहरु | | १० | ० | ३ | |
| जम्मा | | | | १० | १०० | |

अध्यक्ष.

CamScanner

## अनुसूची - १ (घ )

तालिम, अन्तर्वार्ता र कम्प्युटर सम्बन्धी ज्ञान,तालिम र स्थानीयता बापतको लागि निम्नानुसार अंक विभाजन हुनेछ।

**अ) अन्तर्वार्ता बापत: ( जम्मा:१०+५= १५)**

| क्र.स. | शीर्षक | अंक भार | कैफियत |
|---|---|---|---|
| १ | व्यक्तित्व | २ | |
| २ | सामान्य ज्ञान | २ | |
| ३ | प्रस्तुति | २ | |
| ४ | विषय वस्तुको ज्ञान | ४ | |
| ५ | योग्यता बापत | ५ | न्युनतम योग्यता बापत प्रथम श्रेणी भए ३ अंक र द्वितीय श्रेणी भए २ अंक। माथिल्लो योग्यता बापत प्रथम श्रेणी भए २ अंक र द्वितीय श्रेणी भए १ अंक। |
| जम्मा | | १५ | |

**आ) कम्प्युटर सम्बन्धी ज्ञान: यसमा देहाय बमोजिम अंक विभाजन हुनेछ।**

| क्र.स. | शीर्षक | अंक भार |
|---|---|---|
| १ | MS Word | १० |
| २ | Excel | ५ |
| ३ | Mail | ५ |
| जम्मा | | २० |

**इ) तालिम बापत:** प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्डमा तोकिएको न्यूनतम तालिम बापत ५ अंक हुनेछ। प्रथम श्रेणी बापत ५ अंक, अन्य श्रेणी भए ३ अंक प्रदान गरिने।

कटहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कटहरी, मोरङ कोशी प्रदेश, नेपाल

अध्यक्ष

CamScanner

ई) स्थानीयता बापत :

क) स्थायी ठेगाना कटहरी गाउँपालिका भएमा - १० अंक

ख) स्थायी ठेगाना कटहरी गाउँपालिका नभएर मोरङ जिल्ला भित्र भएमा - ७ अंक

ग) स्थायी ठेगाना मोरङ जिल्ला नभएर कोशी प्रदेश भित्र भएमा - ५ अंक

घ) स्थायी ठेगाना कोशी प्रदेश भित्र नभएर अन्यत्र भएमा - ३ अंक

कटहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कटहरी, मोरङ
कोशी प्रदेश, नेपाल

अध्यक्ष